


Issue: 02 • November • 2018

# Magnolia

## The Neuro Hospital Bulletin



Upendra Devkota Memorial
National Institute of Neurological and Allied Sciences
Bansbari, Kathmandu

Medtronic




# ELEGANT.
# **INTUITIVE.**
# SOPHISTICATED.

StealthStation™ S8
Navigation System

**For Further Details**
**Contact No:01-4411825**
**Email Id:info@hmt.com.np**
**www.hmt.com.np**

HMT
Himalayan Medical Technologies Pvt. Ltd.

# सम्पादकीय

डा सुरेश सापकोटा
न्यूरो सर्जन

"आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो ।" कवि शिरोमणी लेखनाथ पौड्यालले भनेझैं मृत्यू अवश्यभावी छ। हाम्रा श्रद्धेय गुरु वरिष्ठ न्यूरोसर्जन तथा समाजसेवी प्रा.डा.उपेन्द्र देवकोटा आज हामी- माझ हुनुहुन्न । उहाँको अनुपस्थिति हामीलाई सदैव खड्की रहने छ। उहाँ हामीमाझ नभए पनि न्यूरो अस्पतालका रुपमा एउटा विशिष्ट श्रेणीको संस्था उँहाले हामीमाझ छोडेर जानु भएको छ।

न्यूरो अस्पताल स्वर्गीय प्रा.डा. देवकोटाको सपना हो, परिकल्पना हो, आत्मा हो । उहाँको अनुपस्थितिमा न्यूरो अस्पतालको जिम्मेवारी सम्हाल्न पाउनु हाम्रोलागि चुनौती मात्र होइन अवसर पनि हो । यस अस्पतालको भवन र वरिपरिको वातावरण एउटा आवरण मात्र हो। यो बाहिरबाट जति सुन्दर र स्वछ छ भित्रबाट त्यति नै व्यवस्थित र वैज्ञानिक पनि छ । यहाँको व्यवस्थापकीय पक्ष देखि लिएर विरामीको सेवामा प्रत्यक्ष असर पार्ने उपचार पद्धति अत्याधुनिक छ।

स्वर्गीय प्रा.डा.देवकोटाले प्रतिपादन गरेका नियमपद्धतिलाई शिरोपर गर्दै उहाँले नै प्रत्यक्ष तालिम दिनु भएका प्रगतिशिल युवा डाक्टर तथा नर्सहरुको नेतृत्वमा न्यूरो अस्पताल अगाडी बढिरहेको छ।

विगत ९ महिनाको छोटो अवधीमा नै ८०० मस्तिष्कको तथा मेरुदण्डको सफल शल्यकृया गर्नुका साथै बहिरंग तथा अन्तरंग सेवा मार्फत १५,००० देशभरीकै विरामीहरुको उपचार सफल भएको छ । गरीब तथा असहाय विरामीको लागि विशेष कोष तथा छुटको व्यवस्था गरिएको छ । आगामी दिनहरुमा आफ्नो सेवालाई झनै आधुनिक तथा विस्तारित गर्ने योजनाका साथ प्रा.डा.मद्यु दीक्षित देवकोटाको नेतृत्वमा अस्पताल प्रशासन अग्रसर रहेको छ। आगामी दिनमा झनै मेहनत र सदाचारका साथ विरामीको सेवामा न्यूरो अस्पताल टिम दत्तचित्त भएर खटिने छ, यसमा दुईमत छैन।

## सम्पादक मण्डल

डा. शिखर श्रेष्ठ (न्यूरो सर्जन)
डा. प्रत्यूश श्रेष्ठ (न्यूरो सर्जन)
डा. काजन रानाभाट (रेडियोलोजिष्ट)
डा. सुवास लोहनी (रजिष्ट्रार)
डा. सुरेस विश्वकर्मा (रजिष्ट्रार)
डा. संज्ञा पौडेल (नाक, कान, घाँटी विशेषज्ञ)
प्रतिभा महर्जन (चिकित्सा मनोविज्ञ)
सुनिल मानन्धर (सिस्टम एडमिनिस्ट्रेटर)



# डा शिखर श्रेष्ठसंगको रमाईलो कुराकानी



### डाक्टर शिखर श्रेष्ठलाई हामी कसरी चिन्न सक्छौं ?

सन् १९८२ मा एक साधारण मध्यम वर्गीय परिवारमा जन्मेको एक सामान्य "down to earth" व्यक्तिको रुपमा म आफुलाई चिनाउन चाहन्छु । मेरो परिवारको बिचमा म एक असल छोरा, श्रीमान् र एक जिम्मेवार सदस्य हुँ । यो अस्पतालमा विरामीको अवस्था र रोगको सहि पहिचान गरेर ध्यानपूर्वक उपचार गर्ने एक कुशल चिकित्सक पनि हुँ।

### व्यस्तताका वावजुद तपाई आफुलाई र आफ्नो परिवारको लागि कसरी समय मिलाउनु हुन्छ ?

म Quantity मा भन्दा Quality मा विश्वास गर्दछु। परिवारसँग कति समय विताउने भन्ने कुरा महत्वपूर्ण हो । आफूसँग भएको छोटो समयमा पनि म परिवारसँग व्याडमिन्टन खेल्ने, विहान हिड्न जाने र घरायसी काममा सक्दो साथ दिने कोसीस गर्दछु।

मलाई सानै देखि गीत सुन्न रमाईलो लाग्छ। राती सधैजसो म सुमधुर अंग्रेजी गीत सुन्ने गर्दछु। मेरो घडीको संग्रह छ साथै मलाई गाडीको पनि शौख छ।। I love Gardening too. बुवा कृषक भएकोले होला म हुर्केको घरमा पनि सानो बगैंचा थियो । अहिले पनि दैनिक केहि समय बगैचामा विताउन मन पराउँछु। मलाई यात्रा निकै मन पर्छ। हालै म प्रसिद्ध World Famous Neurosurgeon र मेरा गुरु हेनरी मार्श, उहाँका छोरा विलियम र मेरी श्रीमति मनास्लुको पदयात्रामा पनि गएका थियौं।

### हाल सम्म तपाईले कतिवटा शल्यक्रिया गरिसक्नु भयो ? त्यसमध्ये सबैभन्दा जोखिमपूर्ण कुन थियो?

मैले हाल सम्म लगभग १५०० भन्दा बढी शल्यक्रिया गरिसकेको छु। मेरो लागि सबै शल्यक्रिया महत्वपूर्ण र च्यालेन्जिङ्ग हुन्छ । चाहे त्यो Extradural Haematoma होस अथवा Aneurysm Clipping। हरेक शल्यक्रिया अगाडि म आफूलाई तयार गर्दछु। आफ्नो मानसपटलमानै म पहिले त्यो शल्यक्रिया गर्दछु र योजना बनाउँछु। मेरो टिमका साथीहरु Resident सँग planning अघिल्लो दिन गर्छु। एक पाइलटको checklist जस्तै हामी सबै angle बाट तयार हुन्छौं।

हाम्रा श्रद्धेय देवकोटा सरले सधैं भन्ने गर्नुहुन्थ्यो; हामीले स्यालको शिकार गर्न जाँदा सदैव बाघ मार्ने तयारीमा जानु पर्दछ । कसलाई के थाहा बाटोमा बाघ भेटियो भने ! त्यसैकारण म मेरो मस्तिष्कलाई सदैव शल्यक्रियामा आउन सक्ने जटिलताको लागि सचेत राख्दछु। यदि कुनै जटिल परिस्थिति आइहाल्यो भने त्यसलाई कसरी समाधान गर्ने भन्ने बारे मैले श्रद्धेय देवकोटा सरबाट धेरै कुरा सिक्ने मौका पाएको छ । यस्ता अनुभवहरुका आधारमा म सदैव सफल शल्यक्रिया गर्ने प्रयास गर्दछु।

### धेरै जसो मनिसहरु सोँच्छन् कि कम उमेरका डाक्टरहरुले स्नायू शल्यक्रिया गर्दैनन् । तर तपाई कम उमेर मानै कसरी यति सफल स्नायू शल्यचिकित्सक हुनु भयो ?

***"It's not about how young you are or how old you are, it's about the practice."***

“म तपाइंले राम्रो सर्जरी गर्नुहुन्छ भन्ने सुनेर आएको; तपाईं त मैले कल्पना गरेको भन्दा निकै कलिलो देख्नु हुँदो रहेछ !” आश्चर्य मानेर मलाई मेरा कतिपय विरामीले धक मानेर भन्नु पनि भएको छ। मेरो विचारमा मानिस जुन सुकै क्षेत्रमा रहोस्, उनको उमेर भन्दा पनि उनको व्यक्तित्व र कामले चिनिन्छ। पहिले जुन कुरा वर्षौं लगाएर सिकिन्थ्यो, आजभोलि ईलेक्ट्रोनिक ग्याजेटहरुले धेरै सहज बनाइदिएको छ। यस क्षेत्रमा मात्र नभई आजकल हरेक क्षेत्रमा नयाँ पुस्ता अग्रपंक्तिमा छन्।

## समयमै सहि ठाउँबाट उपचार गराए रोगको निवारण संभव छ।

विनोद र मनु तामाङ्ग दुबईमा सैलुन चलाउँछन्। पध्र वर्षकी, कक्षा दशमा अध्ययनरत छोरी विशाखालाई देब्रे आँखाको ज्योति खस्किँदै गर्दा टाउकोको जटिल ट्युमर (Craniopharyngioma) भएको पत्ता लाग्यो। त्यहि ट्युमरको कारण उनको रजश्वला पनि शुरु हुन सकिराखेको थिएन। देश, विदेशका विभिन्न अस्पताल हुँदै उहाँहरु न्यूरो अस्पताल, बाँसबारी आईपुग्नुभयो। न्यूरो अस्पतालमा सफल शल्यक्रिया पश्चात विशाखा अहिले पुरानै अवस्थामा फर्किसकेकी छन्। छोरीको शल्यक्रियामा संलग्न टिम र न्यूरो अस्पताल प्रति हार्दिक धन्यबाद तथा कृतज्ञता व्यक्त गर्दै तामाङ्गद्वय दुबईबाट लेख्छन् "मस्तिष्कका सबै ट्युमर क्यान्सर हुँदा रहेनछन् र समयमै सहि ठाउँबाट उपचार गराए यस्ता रोगको निवारण संभव हुँदो रहेछ।"




मस्तिष्कको मेजर अपरेशन सफल भएपछि खुसी साट्दै डा. शिखर र विशाखा।



"धन्यवाद डा.साब। म ठिक छु हैं।" सधैंभरीका लागि आत्मीय सम्वन्धमा गासिएका विशाखा परिवार डा. शिखर सँग फलोअपका लागि न्यूरो अस्पताल आउँदा।

### स्वर्गीय प्रोफेसर उपेन्द्र देवकोटासंग काम गर्दा तपाईंको अनुभव कस्तो रह्यो?

आदरणिय प्रोफेसर उपेन्द्र देवकोटासँगको मेरो पहिलो भेट नै असाध्यै अविस्मरणीय छ। मेडिकल स्कुलदेखि नै मेरो झुकाव शल्यक्रिया तिर थियो तर स्नायू शल्यचिकित्सक नै बन्छु भन्ने चाहिँ यकिन थिएन। एफ.सि.पि.एस फेलोसिप गर्ने क्रममा हामीले आफै preceptor छान्न पाउने प्रावधान थियो। जस अन्तर्गत मैले विशिष्ट विषेशज्ञहरु मध्ये मस्तिष्क शल्यक्रिया विषयमा आदरणिय स्वर्गीय प्रोफेसर उपेन्द्र देवकोटा नै "दि बेस्ट" हनुभएकोले वहाँलाई रोजें। पहिलो भेटमा नै मलाई वहाँले स्वहार्द स्वागत गर्नुभयो र सँगै काम सिक्ने मौका दिनुभयो। यहाँ आएपछि वहाँले विकास गर्नुभएको सिस्टम, बिरामीलाई दिइने उपचार पद्दति, टिम, पोस्टप अनि विभिन्न नौला प्रविधिहरुलाई देखेपछि म एकदमै निर्धक्क भई यहीं सर सगैं नै पढाई अघि बढाउन अभिप्रेरित भएँ। काम सिक्दै जाने क्रममा मैले सरलाई एक कुशल चिकित्सक मात्र नभई साह्रै राम्रो शिक्षकका रुपमा पनि चिन्ने अवसर पाएँ। मेरो दृष्टिकोणमा वहाँ मलाई स्नायू शल्यचिकित्सक भएर जन्माउने आदरणिय पिता हुनुहुन्छ। वहाँले जस्तो सुकै अवस्थामा पनि मेरो हात समाएर सिकाउनु भएको थियो र अहिले म गर्वका साथ UDM-NINAS का resident हरुलाई "डा. देवकोटाले लाखौं बिरामीलाई जोगाउने प्रक्रिया यो नै हो भनि सिकाउने गरिरहेको छु।"

### नेपालमा अन्य पनि स्नायु शल्यचिकित्सा सम्बन्धी अस्पतालहरु छन्, तर तपाई बिरामीहरुलाई किन यस UDM-NINAS मा नै आउने सुझाव दिन चाहनुहुन्छ?

हाम्रो घरको वरिपरि धेरै मठ मन्दिरहरु छन् तर शिवलाई दर्शन गर्न मान्छे पशुपतिनाथ नै जान्छन्। त्यस्तै जुन चिज हासिल गर्न मान्छेलाई जुन ठाउँमा जानुपर्ने हो, अन्त्यमा त्यही ठाउँमा पुऱ्याउँछ।

यो अस्पताल भनेको ऐतिहासिक व्यक्तित्वद्धारा ३० सौं वर्षको मेहेनतले खडा भएको हो। दर्जन भन्दा बढी स्नायू र अरु शल्यचिकित्सकहरु चैबिसै घण्टा काम गरिरहेका हुन्छन्। मेरो विचारमा प्रश्न अरु सँग तुलना गर्ने नभई बिरामीको उचित उपचारको हो जस्तो लाग्छ जुन कुरा हाम्रो अस्पतालको लोगो "Patient First" जसको अर्थ "पहिलो प्राथमिकता बिरामी हो" आफैमा बोल्छ। एउटा उदाहरण दिन चाहन्छु हामी एउटा सर्ट किन्न चार पाँच वटा पसल गएर तुलना गरी हेरेर किन्छौं भने आफ्नो शरीर त्यो पनि मस्तिष्क र मेरुदण्ड जस्तो संवेदनशील अगंमा काट्ने भनेको जीवन र मृत्युको सवाल भएको हुनाले बिरामीहरुले धेरै होम वोर्क गर्नुभएको हुन्छ। त्यसकारण मलाई लाग्छ, आफ्नो ज्यानको सुरक्षा गर्न पहिले आफैले सोच्ने कुरा हो।

### यस अस्पताललाई स्वर्गीय प्रोफेसर उपेन्द्र देवकोटाले यहाँ सम्म ल्याउन सफल हुनुभयो। अब यसलाई अझ माथि लैजान तपाईंहरुको के-कस्तो योजना छ?

न्यूरोसर्जरी विधामा दिनहुँ नयाँ प्रविधी र उपकरणहरुको विकास भैराखेको छ। अत्याधुनिक उपकरण र उपचार पद्धतीलाई भित्र्याउदै जाने र त्यस वमोजिम चिकित्सकहरुलाई विश्वकै उत्कृष्ठ स्थानहरुबाट तालिम दिंदै अग्रगामी दिशा तर्फ जाने हाम्रो प्राथमिकता हो। निकट भविष्यमानै विरामीहरुको सेवा र सुविधा विस्तार गर्न छुट्टै Stroke ward, Rehabilitation center तथा विरामी कुरुवा घर जस्ता योजनाका साथ हामी अगाडी वढिरहेका छौं। समग्रमा भन्नुपर्दा हाम्रो लक्ष्य "The Best Neurosurgical Services" जनमानस सम्म पुऱ्याउने हो।

# मेरुदण्डको समस्या.....
# नआत्तिनुहोस् ।

मेरुदण्डको समस्या..... नआत्तिनुहोस् ।



अमेरिकाको सर्वोत्कृष्ट अस्पतालहरुको सूचीमा Cleveland Clinic दोस्रोमा आउँछ। एकै साथ ९० देखि १०० र मेरुदण्ड सम्बन्धी ४ देखि ५ अप्रेशन कक्षहरु सञ्चालन हुने यस विशाल अस्पतालको उद्देश्य (Motto) पनि हाम्रो उपेन्द्र देवकोटा मेमोरियल न्यूरो अस्पताल (UDM-NINAS) झैं Patient First नै हो। सन् १९९९ देखि यस अस्पतालको मेरुदण्ड विभागका निर्देशक प्राध्यापक डाक्टर एडवार्ड बेन्जल (Edward Benzel) अमेरिकामा मात्र नभएर संसारभरका सुविख्यात न्यूरोसर्जन हुन्। मेरुदण्डको समस्या सम्बन्धी दश वटा किताबतथा अन्य यस्ता किताबहरुमा ३७० अध्याय लेखिसकेका र मेरुदण्डको शल्यक्रियामा ११ अमेरिकी आविष्कारहरु आफ्नो नाममा पारिसकेका विशेषज्ञसँग ३ महिना बिताउनु मेरो लागि, यस अघिको सोह्र वर्ष मेडिकल शिक्षा अध्ययन र कामको शिखर बिन्दु थियो।

कुनै समय थियो जब न्यूरोसर्जरीलाई अप्ठ्यारो विषय मानिन्थ्यो र डाक्टरहरु यसलाई आफ्नो पेशा बनाउन चाहदैंनथे । डाक्टर उपेन्द्र देवकोटाले बेलायतका प्रख्यात संस्थाहरुबाट सिकी नेपालमा न्यूरोसर्जरी सेवा उपलब्ध गराउनु भए पश्चात विगतका तीन दशकमा, धेरै न्यूरोसर्जनहरुले काठमाडौं तथा उपत्यका बाहिर पनि यो सेवा उपलब्ध गराउँदै आउनुभएको छ । न्यूरोसर्जरी अन्तर्गतका मेरुदण्ड सम्बन्धी (Spinal Surgery), भास्कुलर, ट्यूमर, बाल न्यूरोसर्जरी, फङ्सनल आदि उपविधाहरुमा थप दक्षता नेपालका न्यूरोसर्जनहरुले हासिल गरी न्यूरोसर्जरी भित्रनै सव–स्पेशियालिटि (Sub-speciality) को विकास हुनुपर्छ भन्ने डा. देवकोटाको सोच थियो।

> यसरी त्यहाँको डाक्टरले द्विएको जवाफ सच्चाएर ठिक उत्तर दिंदा आफ्नो कर्मभूमिको गर्व लाग्यो र शायद डा. केल्फासले पनि नेपालमा न्यूरोसर्जरी शिक्षाको स्थिति कस्तो छ भनि मापन गर्न सक्नु भयो होला।

डा प्रत्यूश श्रेष्ठ
न्यूरो सर्जन

American Association of Neurological Surgeons (AANS) ले वर्ष मा दुईजना विकासोन्मुख राष्ट्रका युवा न्यूरोसर्जन्सलाई प्रदान गर्ने International Visiting Surgeons Fellowship यस वर्ष म लगायत एक पाकिस्तानी न्यूरोसर्जनले प्राप्त गऱ्यौ जसबाट डा. देवकोटाको सपना साकार पार्ने बाटो खुल्यो । सन् २०१६ को काठमाडौं विश्व विद्यालयद्धारा सञ्चालित एम.सि.एच. (विद्यावारिधि सरह) न्यूरोसर्जरी परीक्षा सर्वोकृष्ट अंककासाथ उर्तिण गरी, न्यूरो अस्पातालमा डा. देवकोटा लगायत डा. सुरज, डा. शिखर तथा अन्य साथीभाई सँग १ वर्षकाम गरी थप सीप आर्जन गर्न म निक्लेको थिएँ। त्रि.वि. चिकित्सा शास्त्र अध्ययन संस्थान, महाराजगञ्ज क्याम्पसबाट एम.बि.बि.एस. सकी डा. देवकोटासँग यसै न्यूरो अस्पतालमा साढे एक वर्ष काम गरेपछि उनैलाईआफ्नो गुरु मानी, उनकै बाटो पछ्याउने निर्णय मैले गरें। ६ वर्ष दिन रातको कठीन परिश्रम सहित न्यूरोसर्जरी सीप अनि शिक्षा मुख्यतः प्रा.डा. देवकोटाबाटै मैले पाएँ।

मेरुदण्डका समस्याहरु समाधान गर्न थप दक्षता हासिल गर्न डा. देवकोटाले मलाई सन् २०१५ मा तीन महिनाको लागि नयाँ दिल्ली स्थित Indian Spinal Injury Center (ISIC) पठाउनु भयो । त्यँहा मेरुदण्डका विशेषज्ञ डा. हरविन्दर छाब्रा लगायत अन्य विशेषज्ञसँग अत्याधुनिक अप्रेशनहरु सिक्ने मौका पाँए। एक दिन अप्रेशन कक्षमा, अर्को दिन डा. छाब्राको OPD, जुन रातको बाह्र बजे सम्म चल्थ्यो, त्यहि मेरो ३ महिना बित्यो; दिल्लीको टन्टलापुर घाम मैले भोग्नै परेन। कयौं नेपाली मेरुदण्डका विरामी त्यँहा आउँथे र यस्तो सेवा नेपालमै मैले कुनै दिन दिनुछ भनी म सोच्दथें।

Cleveland Clinic अर्कै ब्रम्हाण्ड थियो। बिहान ६:४५ मा शुरु हुने कक्षामा विशेषज्ञ न्यूरो सर्जनहरु बेन्जल, स्टाइन्मेज, केल्फास, डग्लस अर, कृष्णेनी, स्लाइड्क, मोर्ज, स्याभेज, पेल्ले आदि आठ नौजना विशेषज्ञ बसी अध्ययनरत विभिन्न स्तरका न्यूरोसर्जरीका विद्यार्थी तथा न्यूरोसर्जरी सिध्याई मेरुदण्ड विषयमा फेलोशिप गरिरहेका डाक्टरहरुलाई विरामीहरुको बारे प्रश्नोत्तरको माध्यमबाट अमूल्य शिक्षा दिइन्थ्यो। सोमबार र बुधबार बेन्जलले अप्रेशन गर्थे। शुक्रबार उनले अफिस र रिसर्चसम्बन्धी काम गर्दा सोही दिनमात्र त्यस अस्पतालमा अप्रेसन गर्ने अर्का अग्रज डिफर्मिटि सर्जन डग्लस अर सँग म अप्रेसन थिएटर पस्थे। अन्य दिन डा. बेन्जल सँग उनका ७ देखि ८ ओ.पि.डि.का विरामीहरु हेर्थे। उनी, "डा. श्रेष्ठ धेरैटाढा काठमाडौंबाट तपाईंलाई हेर्न आउनुभएको," भनी विरामीहरुसँग परिचय गराइदिन्थे र विरामीको समस्या, जाँचपडताल; एम.आर.आई., सि.टि स्क्यान आदि छलफल म लगायत उनका फेलो सँग गर्थे। बेला बखत मेरो राय र त्यहि विरामीको नेपालमा मैले कसरी उपचार गर्थेहोला भनी सोध्थे। उनको बोली, बिरामीसँगको अन्तरक्रिया, decision making बाट मैले धेरै अमूल्य पाठ सिकें।

डा. बेन्जलले सम्पूर्ण स्पाइन सर्भिशेषका विशेषज्ञहरुसँग परिचय गराइदिनु भएकोले अन्य अप्रेशन कक्षहरुमा भैरहेका मिनिमलि इन्भेसिभ (minimally invasive), डिफर्मिटि (deformity), ट्यूमर (tumor),डिजनरेटिभ (degenerative) आदि सबैखालका अप्रेशनमा जान मलाई अनुमति थियो। प्रत्येक कोठामा दैनिक दुई देखि तीन ठूला तथा साना मेरुदण्डका अप्रेशन हुन्थे। यो एक अत्यन्तै गतिशील शैक्षिक संस्थान भएकोले यहाँका प्राध्यापकहरु ज्ञान बाँड्न अत्यन्तै आतुर हुन्थे। इलेक्ट्रोनिक रेकर्डसिस्टम भएको देशमा अप्रेशन कक्षमै भएको कम्प्यूटरमा विरामीको एम.आर.आई./सिटी स्क्यान खोली वहाँहरु पढाउन थाल्नुहुन्थ्यो।

शुरुको केही दिन बितेथ्यो, डा. केल्फासले एउटा विरामीको बारे बताएर, गर्दनको एम.आर.आई. देखाई उपचार कसरी गर्ने भनि प्रश्न म र त्यहाँको स्पाइन फेलोलाई राख्नुभो। डा. देवकोटासँग मैले यस्तै विरामीको अप्रेशन गरिसकेको थिएँ। यसरी त्यहाँको डाक्टरले दिएको जवाफ सच्चाएर ठिक उत्तर दिंदा आफ्नो कर्मभूमिको गर्व लाग्यो र शायद डा. केल्फासले पनि नेपालमा न्यूरोसर्जरी शिक्षाको स्थिति कस्तो छ भनि मापन गर्न सक्नु भयो होला।

अत्याधुनिक औजारहरु, ओ आर्म (O-arm), न्यूरो न्याभिगेशन, न्यूरोमोनिटरिङ्गका साथ संसारका विकसित भएका सबैखाले advancements हरु हेर्न, सिक्ने मौका पाँए। नेपालमा अप्रेशन गर्दाहुने साना/ठूला सबैअप्ठ्याराहरुको उत्तर त्यहाँ थियो मानौ म कुनै Time Machine मा बसि भविष्य हेरिरहेको थिएँ। म लाज नमानि तुरुन्त ती समस्याका समाधान आफ्नो डायरीमा टिपिहाल्थे, स्वृकिति भए फोटो खिचिहाल्थे। मेरा कौतुहलता, मैंले नबुझेका कुराहरु प्रश्न गर्दा, त्यहाँका विशेषज्ञहरुले कहिल्यै उत्तर आफ्नो "अनुभवको आधारमा" भनि भन्नु भएन; वहाँहरुको उत्तरहरुको Scientific basis हुन्थ्यो र उत्तर नभए त्यस विषयमा भएका अध्ययन र खोजहरुको जानकारी हुन्थ्यो।

अन्तिम हप्तामा Cleveland spine Review कोर्ष थियो। संसारभरिका डाक्टरहरुलाई मेरुदण्ड सम्बन्धि पठन/पाठन गराउने र लाशमा मेरुदण्डको शल्यक्रिया (Hands on Cadaveric Course) सिकाउने यो कोर्स २२ औं वर्षमा चलिरहेको थियो। यस दौरान भएको मेरुदण्ड सम्वन्धि हाजिरी जवाफ प्रतियोगिता जितेर पाएको किताव मेरो लागि अमूल्य थियो।



*The best of the best Dr Stienmetz, Dr Douglas Orr, Dr Kelfas, Dr Savage, Dr Morz, Dr Krishnaney (left to right standing), Dr Benzel sitting on my right*

Cleveland clinic मा मलाई धेरै/थोरै सिकाउने मेरा सबै गुरुहरु र मलाई त्यहाँ रहँदा अत्यन्तै सहयोग गर्नुहुने नेपाली डाक्टरहरु गणेश र अनु लगायत अन्य सबैप्रति म कृतज्ञ छुँ। यो मेरो लागि सगरमाथाको आधार शिविर हो। जे मैले सिकेर आएँ, त्यो मेरा मेरुदण्ड सम्बन्धि समस्या भएका नेपाली दाजुभाइ, दिदीबहिनीहरुको लागि हो। तपाईंहरुको सेवा गरी मेरो 'आफ्नो' सगरमाथा चढ्नु मेरो उद्देश्य हो। मेरुदण्डको समस्या ......... नआत्तिनुहोस्। डा. बेन्जेल भन्नुहुन्थ्यो "आउनुहोस् तपाईंको समस्याको बाटो; हामी सँगै हिडौं!"




*American Association of Neurological Surgeons' International Visiting Surgeon Fellow 2018*

# *Prof. UP Devkota, NINAS, UDM-NINAS and Beyond: My Perspective*

*Dr Lekhjung Thapa*
*Consultant Neurologist*

I reminisce vividly the period when the entire institution was in a state of shock after Prof. Upendra Devkota was diagnosed to have cholangiocarcinoma. I could feel everybody praying that the news turns out to be false, but it did not happen. We lost our great leader, mentor and our guardian.

I remember joining Prof. Devkota about five years back when he was actively leading the National Institute of Neurological and Allied Sciences (NINAS) being hugely supported by his own mentor Dr DN Gongal. I was appointed as a consultant neurologist and was asked to get actively involved in both the out-patient/in-patient care and the higher training program. Whenever we had time to spend together in his office for a cup of coffee, which he offered generously, he used to share both his sweet memories and the difficulties he faced as a neurosurgeon and his contributions to the development of neuroscience of our country. In the teaching classes and clinics, I used to be equally amazed to witness his high standard neurology skills and approaches, which I have noticed in rare neurosurgeons. I have my OPD beside his clinic separated just by a sliding door and many times we entered with patients in each other's room to discuss about the patients.

During the discussion, I learnt many excellent things from him. There were instances when he came to OPD with an exhausted face in the late evening after long operations and used to whisper into my ear saying “Please go and see the patient you referred. I operated today, he is doing excellent”. The love, care, guidance and encouragement he provided, for me personally, was much more valuable than many trophies and awards I have won in my life. I feel I'm very lucky amongst many neuroscientists of our country to have an opportunity to work with him closely. It was a great moment working with him and it will be cherished throughout my life. I found Prof. Devkota to be a brilliant astute clinician, a great leader, extremely goal-oriented and a kind human being. Because of his exceptional qualities, he was well appreciated all over Nepal.

The Magnolia tree planted by Prof. Devkota in front of our institution reminds me every day of the dream of this great leader and the founder of the institution, who envisioned the advancement of the modern neuroscience in our country. Although he is not amongst us anymore, he has left behind many sweet memories,



The National Institute of Neurological and Allied Sciences and the magnolia tree, right in front of the institution. All of these remind me of him and his vision to deliver high-quality neurological services like in the United Kingdom where he was trained. After his demise, the institution has been rightly dedicated to him and aptly renamed "Upendra Devkota Memorial-National Institute of Neurological and Allied Sciences **(UDM-NINAS)**".

During his treatment in the United Kingdom, we used to have telephone conversations regarding the welfare, development and future plans for the institution. One day he wrote a very touching email with many pieces of advice and instructions regarding my role for the future of the institution. Recently, after finishing my OPD in the late evening, as I entered my office, I was surprised and was even more touched to see the beautifully framed letter (the same e-mail) on my table which was presented to me by his wife Prof. Madhu Devkota.

In a regular morning meeting Prof. Madhu Dixit Devkota, as per the wish of Prof. Upendra Devkota, gave me the responsibility of leading our team as the Hospital Director. With boundless gratitude for the confidence placed in me by Late Prof. UP Devkota, Prof. Madhu Dixit Devkota and the board members, and with an unswerving resolve to honour that trust, I humbly accepted the appointment as the Hospital Director of this great organisation, our UDM-NINAS. It was a moment of personal honour for me, but also of deep personal responsibility. I extended my deepest respect and appreciation to all the UDM-NINAS family, the patients and their relatives for their strong support. Following Prof. Devkota, a remarkable leader is not an easy task. But I understand that like me that day, during the inception of this institution, he must have pondered what the years ahead would hold at the helm of this great institution. He made precious and lasting contributions in upholding patients' deepest values and high standard education. Our debt to his courage and vision is immeasurable.

Our motto is "Patient First". In my practice, I have noticed that those who suffer need us to be something more than a doctor, they need us to be a healer and to become a healer we need to do something even more difficult than being a doctor. It is said that we must recover, embrace, and treasure the memory of our shared, frail humanity-of the dignity in each and every soul.

With the existing highly energetic and enthusiastic medical, para-medical and non-medical team, I believe that we have already commenced our journey ahead successfully, which is evidenced by the satisfaction expressed by the huge number of patients attending our out-patient and in-patients departments and moreover, increasing number of patients and referrals from around the country and abroad. Importantly, the cases are being managed excellently, by the multidisciplinary team, with excellent outcomes comparable to the previous outcomes.

Knowledge is the best tool that a human can ever have. We believe that learning is an incessant process and we should never stop learning and never stop asking questions. This holds especially true in the medical field as medicine is an art as well as science practiced by scientists who bring to the bedside and to the bench-not only technology and training, but also their humanity, care and concern. On the same note, we are proud of our higher training MCh. Neurosurgery program, FCPS Neurosurgery program, all the faculties and the doctors enrolled in the program, who get heavily involved in understanding minute details about a patient for better care and extend their humanity, care and concern to these needy people and their relatives.

There are many more good things Prof. Devkota has left behind not only to us, but to the country which includes this beautifully organised and planned neuroscience dedicated historical institution, the well-trained neurosurgeons, nursing faculties and paramedical staffs, the lovely UDM-NINAS family and most importantly his wife Prof. Madhu Dixit Devkota, the chairperson of our institution. We are fortunate to have the strong base laid down by him. We, as a team, have firmly stood on this base with strong determination to continue to offer the best patients care by developing different super-specialties and maintain the existing training programs and add various new neurosciences training programs into our institution, UDM-NINAS.

**Lastly, We Have Lost Prof. Devkota But Have Not Forgotten Him.**

# *Interventional Neuro Radiology*






*Dr Kajan Ranabhat, MD*
*Consultant Radiologist*

Interventional neuroradiology is a medical subspeciality specialising in minimally invasive image based technologies and procedures used in the diagnosis and treatment of diseases of head, neck and spine.

Neuro-intervention treatment offers the least invasive option for treatment with less risk, less pain and shorter recovery time for the patient. A patient may come out with a bandage over the small opening where a tiny tube was introduced into the body instead of a long surgical cut or incision, and recovery time to get back to normal life is much shorter.

A tiny tube - called a catheter, is inserted into the body, typically through an artery or vein, in order to treat patients internally at the source of their disease. Small pieces of equipment (like stents or coils) or medicines (like blood clot thinning meds) can be placed through the tube as part of their treatment. This uses imaging equipment (basically X-ray imaging methods), as a guide.

Surgery with incisions can often take weeks to heal and commonly left patients with scars. This used to be the only treatment available for many conditions. Now, we have newer methods with less risk and less pain.

Neuro-interventionists work closely with other specialists including surgeons. However not all diseases are amenable to treatment by endovascular approach or a minimally invasive method alone. However, there are a few common problems that can be treated successfully by this modality: stroke, brain aneurysms and other abnormalities of blood vessels, certain causes of seizures, and some benign and malignant tumours.

Brain aneurysms are small bulges that appear on the wall of the artery. They are like small balloons which will grow and eventually pop, unless treated.

Failure to deal with these (and therefore popping like an overfilled balloon), could lead to a stroke. Bleeding brain aneurysms also need to be treated in order to stop further bleeding.

Patients having a seizure due to a tangle of abnormal connections between arteries and veins, called AVMs can also be treated by neuro-intervention. Other kinds of abnormal connections between arteries and veins on the surface of the brain, called Dural Arteriovenous Fistulas, can also be treated in order to relieve ringing in the ears (tinnitus), vision loss, and to prevent a brain haemorrhage.

Neuro-interventionists also open atherosclerotic narrowings (stenosis) in the blood vessels of the brain with angioplasty balloons or stents . This is done in order to prevent strokes from the lack of blood flow (ischemia). Blood vessels are opened up to permit better blood flow.

For brain tumours, we work with neurosurgeons to assist them by blocking blood flow into the tumours and shrinking brain tumours, (this is called embolising the tumour), before the surgeon removes it. This makes the surgeries much easier and safer.

Here at UDM-NINAS we have been routinely doing diagnostic neuro-interventional procedures (Digital Substraction Angiography - commonly abbreviated as DSA). In addition we do therapeutic procedures like embolisation of vascular and bulky tumours, embolisation of Dural Arterio-Venous Fistulas and so on. We are planning to upgrade our interventional suite to state of the art facility in the near future and provide modern care in par with the rest of the world.



# *An American Neurosurgeon in a Dhaka Topi*

In the early decade of the twenty first century, an American neurosurgeon was asked to perform a thousand hours of community service after he pleaded guilty for obstruction of justice while working as a neurosurgeon in the University of Washington. His sentence turned out to be a gift for Nepal.

In 2003, Dr. H. Richard Winn was in TUTH with Dr. Sushil Shilpakar and Dr. Mohan Raj Sharma, to fulfil his thousand hours of community service, meanwhile helping strengthen the fledgling Department of Neurosurgery that was established with support from another American neurosurgeon Dr. Merwyn Bagan.

There is barely a neurosurgery resident in the world who does not know about Youman's Neurological Surgery. Dr. Winn has remained a long time editor to this book. Launched in 2017, its seventh edition has finally been at our desks as Youmans and Winn Neurological Surgery.

This year Dr. Winn was in Nepal the first week of April for NESONCON 2018, which was successfully conducted in April 6 and 7.

On the 8th of April, amidst his busy schedule, Dr. Winn managed to visit Upendra Devkota Memorial National Institute of Neurological and Allied Sciences. I had the great honour of showing him around the hospital while Dr. Devkota himself was in London seeking treatment to his worsening health condition after being diagnosed with cholangiocarcinoma earlier the same year.

When we were at Dr. Devkota's office, he was glad to see Youmans, sixth edition, which he autographed "Dev, your institute is very impressive" on the first page. There was our visitor's book as well, where he inscribed "Dev, magnificent institute you have erected. AER and DU would be proud."

Alan Ernest Richardon (AER) and David Utley (DU), were two neurosurgical giants from Atkinson Morley, where both Dr. Winn and Dr. Devkota had spent a considerable part of their training period.

The first thing that Dr. Winn did as soon as we had got out of the car, was surprising. He took out a folded Nepali Dhaka Topi and standing in front of the Magnolia with the Topi on his head, he wanted me to take a shot for him. In the days where we ourselves had forgotten the national sentiment to Dhaka Topi, that was quite a memorable moment.



**Dr Subash Lohani, MS**
*Neurosurgical Registrar*



# *Services Provided by UDM-NINAS*

## *Update from Baisakh till Asoj, 2075*

*Dr Suresh Bishokarma*
*Neurosurgical Registrar*

Upendra Devkota Memorial National Institute of Neurological and Allied Sciences (UDM-NINAS) is dedicated to providing quality care with a motive to prevent paralysis and disabilities from neurological disorders. With the availability of advanced surgical facilities and a team of well-trained neurosurgeons, neurologist and anesthesiologist, UDM-NINAS has maintained its unparalleled distinction for more than a decade and is continuing with the same legacy and devotion for the service to neurological patients from within the country and abroad.

*Service provided by UDM-NINAS*




*As shown above, over a period of six months, Baisakh till Asoj 2075, a total of 15,490 patients visited UDM-NINAS for various neurological aliments. A majority (90%), comprising of 13956 patients were offered services via outpatient department (OPD) while about ten percent (1534) attended the emergency department with acute problems. Approximately, 8.5 percent needed admission that included 660 neurosurgical and another 648 neurology patients.*



## *Operation record over 6 months (N=439)*




*Surgery was offered to 439 patients for various neurosurgical problems including vascular malformation, brain tumor, severe head trauma, lumbar/cervical disc, stroke surgery etc. Out of 439 operations, 166 were major surgeries, 146 were intermediate surgeries and 125 were minor surgeries.*

## *Neurological cases record (N=648)*




*Out of 648 patients admitted in neurology department, almost a third, 202 were with ischemic stroke, another 110 (17%) for epilepsy, dementia 72 (11%), 62 patients of meningoencephalitis (9%), primary headache 50 (8%) and demyelinating disorder 48 (7%).*



# अन्तमा ...



मेरा श्रीमान् स्वर्गीय प्राध्यापक डा. उपेन्द्र देवकोटाको आफ्नो विधा प्रतिको निष्ठा र देश प्रतिको समर्पणका रुपमा स्थापित यस उपेन्द्र देवकोटा मेमोरियल नेशनल इन्स्टिच्यूट अफ न्यूरोलोजिकल एण्ड एलाईड साइन्सेस् 'न्युरो अस्पताल' लाई रोज्नु भएकोमा यहाँलाई धन्यवाद छ।

आफ्नो अथक परिश्रम र दक्षताका कारण हजारौं नेपाली दाजुभाई दिदीबहिनीको विश्वास जित्नु भएका डा. देवकोटाको सम्पूर्ण जीवन स्नायु शल्य चिकित्सा विधाको नेपालमा स्थापना र विस्तार गर्नमै वित्यो। यस दौरानमा उहाँले स्नायु सम्बन्धी रोगका विरामीलाई चाहिने हरेक खालका विशेषज्ञहरुलाई तालीम मात्र दिनु भएन, अरु ठाउँबाट तालीम लिएर आउनु भएका विशेषज्ञ डाक्टर साहबहरुलाई पनि आफु सँगसँगै काम गराएर यस अस्पतालको माटो सुहाउँदो र आफु जस्तैकर्मठ र दक्ष बनाउन प्रयास गर्नुभयो। यस अस्पतालमा हाल उहाँ सँग लामो समय काम गरेर निखारिएका र उहाँको भरोसा जितेका स्वास्थ्यकर्मीहरु बाटनै सेवा उपलब्ध भैरहेको छ।

पहिला सबैखाले सेवा डा. देवकोटाले एक्लै उपलब्ध गराउनु हन्थ्यो भने हाल यस अस्पतालमा पाँचजना स्नायुशल्य चिकित्सक र तीनजना स्नायु चिकित्सक पूर्णकालीन रुपमा कार्यरत हुनु हुन्छ। यस बाहेक न्युरो एनेस्थेशिया, न्युरो रेडियोलोजी, न्युरो प्याथोलोजी, नाक, कान, घाँटी र मनो विधा विषयका विशेषज्ञहरुको पनि दरिलो उपस्थिती छ यहाँ। स्नायुचिकित्साविधामा केन्द्रित भएका कारण, मस्तिष्क, मेरुदण्ड, स्नायु र मांसपेशीजन्य सबै खाले रोगहरुको गुणस्तरीय उपचार विना ढिलाई स्नायुरोग विशेषज्ञहरुद्धारा यहाँ एउटै छाना मुनी उपलब्ध छ।

न्युरो अस्पताल परिवार गुणस्तरीय सेवा सर्वसुलभ बनाउन प्रयासरत रहेको छ। मासिक करीब २,००० विरामीहरुलाई बहिरंगमा उपचारका साथै करीब ९० जती शल्यक्रिया भईरहेको हालको तथ्यांकले देखाउँछ। यसमा हाम्रा विरामी र उहाँका परिवारजनको गुणस्तरीय सेवाको चाहनाका साथै यस अस्पताल प्रति उहाँहरुको विश्वास झल्किन्छ।

यस अस्पतालका संस्थापक प्रा.डा. उपेन्द्र देवकोटाको विरासतकै रुपमा स्नायुचिकित्सा विधाका नवीनतम प्रविधी भित्राई त्यसको प्रयोगबाट स्नायुचिकित्सा सेवालाई अझै विस्तारित र गुणस्तरीय बनाउन हामी कटिबद्ध छौं। साँचो अर्थमा यही नै उहाँ प्रति हाम्रो सच्चा श्रद्धाञ्जली हुनेछ।

**प्रा. डा. मधु दीक्षित देवकोटा**
अध्यक्ष

Medtronic

# NIM-ECLIPSE® E4

**Designed specifically for use by neuromonitoring specialists, the NIM-Eclipse® E4 System is a multi modal intraoperative monitoring solution for spine, neuro and vascular surgeries. Its flexibility allows for advanced neuromonitoring with a multitude of modalities, user-defined settings, and direct access to any parameter at any time during surgery**




## The Integrated Power Console (IPC®)




**Inspired by listening to your needs, the IPC® platform delivers maximum torque and ease of use. It's the first multispecialty powered surgery console from Medtronic for cranial, spine, and ENT. Our innovative IPC system drives more handpieces with more power than ever before.**

HMT
Himalayan Medical Technologies Pvt. Ltd.

# बेलायतमा उपचाररत वरिष्ठ न्युरोसर्जन प्रा. डा. उपेन्द्र देवकोटाले भन्नुभएको थियो –



"यस अस्पतालमा काम गर्ने धेरैजसो स्वास्थ्यकर्मीहरु मसँग लामो समय काम गरेर मेरो भरोसा जितेका व्यक्तिहरु हुनुहुन्छ । उहाँहरुको प्रयासले यस अस्पतालले स्तरोन्नतिमा फड्को मार्नेछ भन्नेमा मलाई पूर्ण विश्वास छ । यस अस्पतालमा तपाईहरुको उपचार सुरक्षित हातहरुमा छ । आश्वस्त हुनुहोस् ।"

P.O Box No. 3711, Tel: 977 -1- 4 37 38 50, Fax: 977 -1- 4 37 07 79
E:mail : national@neuro.org.np, Website: www.neuro.org.np